नेपाल सरकार
# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

४२००३१४
४२००२९९
४२००५०५
४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी नं.: 2032

मिति २०७३।१०।२३

विषयः निर्देशन सम्वन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,७५ (सबै)
श्री नगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)

आगामी निवार्चनको शीघ्र तयारी गर्ने क्रममा निर्वाचनको आधारभुत कार्य मतदाता नामावली तयारीको क्रममा पहिलो चरणमा हिमाली तथा दुर्गम २१ जिल्लामा मिति २०७३ कार्तिक २६ देखि २०७३ पौष १५ सम्म र वाँकी रहेका ५४ जिल्लाहरुमा २०७३ पौष १ देखि २०७३ माघ १५ गते सम्म मतदाता नामावली संकलन तथा अध्यावधिक गर्ने कार्यक्रम संचालन भएको तथा यसै सिलसिलामा धेरै जसो जिल्लाका धेरै जसो गा.वि.स./न.पा. का वडा केन्द्रहरुमा मतदाता नामावली सम्वन्धी दर्ता, दाबी विरोध,सार्ने,हटाउने,सच्याउने कार्य सम्पन्न भईसकेको र केही जिल्लाका केही गा.वि.स./न.पा./वडाहरुमा मात्र वाँकी रहेको र कार्यक्रम सम्पन्न भएका केही जिल्लाका केही गा.वि.स. सचिव तथा न.पा वडा सचिवहरुले समयमा मतदाता नामावली सम्वन्धी दाबी विरोध, सार्ने, हटाउने, सच्याउनेसंग सम्वन्धित विवरण र कागजपत्र सम्वन्धित क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालयमा नपठाउदा मतदाता नामावलीको कार्य प्रभावित भई ढिलाइ भएको भन्ने गुनासो सम्वन्धित निर्वाचन कार्यालयहरुवाट प्राप्त भएकोले २०७३ माघ मसान्तसम्ममा विवरण र कागजात सम्वन्धित क्षेत्रीय जिल्ला निर्वाचन कार्यालयमा पठाउन सम्वन्धित गा.वि.स. सचिव तथा न.पा.का, वडा सचिवहरुलाई निर्देशन दिन र सोको जानकारी निर्वाचन आयोगलाई समेत दिनु हुन यस मन्त्रालयको मिति २०७३।१०।२३ को निर्णयानुसार अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थ :
श्री सूचना तथा विधुतीय शासन शाखाः *Website* मा राखिदिनु हुन।